**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date:20.05.2024**

- **Training for Counting Supervisors**

पाकिमस्थित रूर्बन कम्प्लेक्सको सम्मेलन कक्षमा मतगणना पर्यवेक्षक, मतगणना सहायक र सूक्ष्म पर्यवेक्षकहरूका निम्ति आज दोस्रो चरणको प्रशिक्षण सम्पन्न भयो। विहान र दिउँसो गरी दुई चरणमा भएको प्रशिक्षणमा कुल एक सय एक्काइसजना प्रशिक्षणार्थीहरू रहेका थिए।

पाकिमका जिल्ला निर्वाचन अधिकारी एवं जिल्लाधीश श्री टाशी छोपेलले प्रशिक्षणार्थीहरूलाई मतगणनाको दिन नजिकै आएको कारण प्रशिक्षण सत्रमा सक्रिय भूमिका निभाउने आग्रह गर्दै मतगणना प्रक्रियाको कुनै पनि विषयमा स्पष्टिकरण लिन प्रोत्साहित गर्नुभयो, ताकि उनीहरू पूर्ण रूपले सक्षम बनुन।

जिल्ला स्तरीय प्रमुख प्रशिक्षक एवं योजना तथा विकास विभागकी संयुक्त सचिव श्रीमती तेञ्जीङ पेमा र राज्य स्तरीय प्रमुख प्रशिक्षक एवं निर्वाचन प्रकोष्ठकी संयुक्त सचिव श्रीमती मेरिना राईले प्रशिक्षण गराउनुभयो।

यस अवधि प्रतिभागीहरूलाई मतगणनामा शामेल प्रक्रियाबारे जानकारी प्राप्त गर्न सकुन भन्ने उद्देश्यले उनीहरूलाई मतपत्र (Postal Ballot)-को मतगणना प्रक्रियाबारे व्यवहारिक प्रशिक्षण दिइयो। यसैगरी, उनीहरूलाई मतदाता सत्यापन योग्य पेपर अडिट ट्रायल (VVPAT) पर्चीको गणना प्रक्रियासहित इलेक्ट्रोनिक वोटिङ मसिन (EVM)-मा दर्ता भएको मतको गन्तीको प्रक्रियाबारे जानकार गराउन व्यावहारिक प्रशिक्षण पनि दिइयो। यो प्रशिक्षण गान्तोक जिल्लाका निम्ति सिच्छेस्थित जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा सम्पन्न भयो।

----------------------------------------X----------------------------------------

- **Pakyong Postal Ballot**

पाकिममा आज हुलाक कार्यालयबाट सेवा मतदाताहरूको अझ पन्द्रवटा मतपत्र प्राप्त भएको छ। यी सबै मतपत्रहरू मुख्यालयका महकुमा अधिकारी श्री महेन्द्र छेत्रीले विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्ट प्रतिनिधिहरूको उपस्थितिबीच पाकिम हुलाक कार्यालयका अधिकारीबाट ग्रहण गर्नुभयो।

निर्वाचन आयोगको नियम अनुरूप आज प्राप्त भएका मतपत्रहरू निर्वाचन समष्टि र प्राप्त भएको मितिअनुसार छुट्याउनका साथै पाकिमको जिल्ला प्रशासनिक केन्द्रस्थित नियन्त्रण कक्षमा राखेर मोहरबन्द गरियो।

उल्लेखनीय छ, यस जिल्लाका पाँचवटा निर्वाचन क्षेत्रबाट अहिलेसम्ममा सेवा मतदाताहरूको कुल तीन सय चौबीसवटा मचपत्र प्राप्त भएको छ।

----------------------------------------X----------------------------------------

- **Sikkim Monsoon Risk**

गान्तोकका जिल्लाधीश एवं जिल्ला आपदा प्रबन्धन प्राधिकरणका अध्यक्ष श्री तुषार G निखारेले मानसुनको वर्षाबाट उत्पन्न हुने पहिरोको खतराका कारण हुने चिन्तालाई सम्बोधन गर्न एउटा सक्रिय पहलमा आपदा प्रबन्धन ऐन, 2005-को धारा तीस लागू गर्नुभएको छ। आगामी पहिलो जुनदेखि तीस सितम्बरसम्म प्रभावी रहने यस ऐनअन्तर्गत सबै नयाँ निर्माणका कार्यहरूमा प्रतिबन्ध लगाइने छ। यसको उद्देश्य सम्पत्तिको क्षति हुने खतराबाट राहत पाउनका साथै जोखिम स्थानहरूको सुरक्षा गर्नु हो। यसअवधि संरक्षण, पुनर्स्थापना र मरम्मतीसित सम्बन्धी कार्यलाई मात्र चालु राख्ने अनुमति दिइएको छ। यस निर्देशनको उद्देश्य पहिरोको बढ्दो जोखिमबीच सामुदायिक सुरक्षाको महत्त्वलाई जोड दिनु हो।

----------------------------------------X----------------------------------------

- **Awareness Camp**

आगामी वर्षायामको समयलाई मध्यनजर गर्दै टिस्टा नदी किनारमा जोखिमपूर्ण अवस्थामा पाइएका उन्नाइसवटा साइटका निम्ति साङकलाङ र रम्फू IBM क्षेत्रमा जनचेतना शिविर तथा PRA अभ्यास आयोजन गरियो।

सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरणकी प्रशिक्षण अधिकारी श्रीमती सशि खरेलले नेतृत्व गर्नुभएको साङकलाङ टोलीमा मंगन जिल्ला आपदा प्रबन्धन प्राधिकरणका उपनिदेशकसहित अधिकारीगण शामेल थिए। यसैगरी राज्य प्राधिकरणका सहायक शहरी योजनाकार श्री दिनेश ढकालले नेतृत्व गरेको रम्फू IBM-को टोलीमा पाकिमका महकुमा अधिकारीसहित अन्य अधिकारीगण रहेका थिए।

- **CM Congratulate Forest Department**

पर्यावरण, वन एवं मौसम परिवर्तन मन्त्रालय, भारत सरकारले सिक्किम सरकारको वन तथा पर्यावरण विभागलाई वर्ष 2023-24-का लागि पर्यावरण शिक्षा कार्यक्रम लागू गर्नमा उत्कृष्टता हासिल गरेकोमा उत्कृष्ट राज्य पुरस्कारले सम्मानित गरेको छ। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले यसका निम्ति वन एवं पर्यावरण विभागलाई बधाई दिनुभएको छ।

उहाँले यो पुरस्कार राज्यभरि वातावरणीय जागरूकता र शिक्षालाई प्राथमिकता दिन अटुट समर्पण, नवीन दृष्टिकोण र अथक प्रयासको प्रमाण हो भनी बताउनुभएको छ। श्री तामाङले भन्नुभएको छ, विभागको अनुकरणीय कार्यले नागरिकहरूबीच हाम्रो प्राकृतिक सम्पदाको समझ र प्रशंसा मात्र बढ़ाएको छैन, तर दिगो र पर्यावरणमैत्री पहलमा अग्रणीको रूपमा सिक्किमको प्रतिष्ठामा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

मुख्यमन्त्रीले भन्नुभएको छ, यस सफलताले विभागका प्रत्येक सदस्यसहित सबै हितधारकहरूको सामुहिक प्रतिबद्धता र कड़ा मेहेनतलाई दर्शाएको छ।

----------------------------------------X----------------------------------------

- **Soreng Review Meeting**

जिल्ला प्रशासनिक केन्द्रको नयाँ भवनको निर्माण योजना र प्रगतिको समीक्षा गर्न सोरेङकी जिल्लाधीश सुश्री येस्सी D योङदाले आज जिल्ला प्रशासनिक केन्द्रमा भवन एवं आवास विभागसित एउटा बैठक गर्नुभयो। बैठकमा भवनको प्रारूप र योजनाबारे जिल्लाधीशलाई पावर पोइन्ट प्रस्तुतिकरणमार्फत विस्तृत रूपमा जानकारी गराएपछि यस सम्बन्धमा चर्चा गरियो।

जिल्लाधीश सुश्री योङदाले भन्नुभयो, यस भवनमा सिक्किमको समृद्ध सांस्कृतिक सम्पदा प्रदर्शित हुने परम्परागत वास्तुकलाका विषयहरूलाई शामेल गरिनुपर्छ। उहाँले अधिकारीगण र कर्मचारीहरूका लागि आवास र क्वार्टर प्रावधानको बारेमा पनि जानकारी लिनुभयो, जसमाथि बोल्दै भवनका अभियन्ता अधिक्षकले यसलाई दोस्रो चरणमा प्रस्तावित गरिएको जानकारी दिनुभयो।

---------------------------------------X---------------------------------------